जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १४४ २०७९ साल पुस २१ गते बिहीबार (5 Jan. 2023 Thursday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : वैदेशिक रोजगार बाध्यता कि... ३ पृष्ठमा : इन्धन अभाव र चर्को मूल्यवृद्धिले.. ३ पृष्ठमा : पेलेलाई प्रसिद्धि प्राप्त..


## दुइ दिनका लागि शैक्षिक संस्था बन्द

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

राजविराज नगरपालिकाले पुस २१ र २२ गते दुई दिन नगर क्षेत्रका सम्पूर्ण सामुदायिक एवं संस्थागत विद्यालयहरुमा शैक्षिक गतिविधि बन्द गर्न अनुरोध गरेको छ ।

नगरपालिकाका शिक्षा शाखा अधिकृत भोगेन्द्र प्रसाद यादवद्वारा बुधबार जारि प्रेस विज्ञप्ति मार्फत सो अनुरोध गरिएको हो ।

विज्ञप्तिमा नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविनको आदेशानुसार विगत केही दिनदेखी बढ्दै गएको चिसो तथा सितलहरका कारण जनजिवन कष्टकर बन्दै गएको तथा विद्यार्थीहरुमा पठनपाठन असहज बन्दै गएको भन्दै सो अनुरोध गरिएको उल्लेख छ ।



राजविराज नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश

प०सं० २०७९।०८०
च०नं० ११६५
मितिः२०७९।०९।२०

श्री सामुदायिक एवम् संस्थागत विद्यालयहरु सवै,
राजविराज नगरपालिका, सप्तरी ।

विषयः शैक्षिक गतिविधि बन्द राख्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा केहि दिन देखि तराईका जिल्लाहरुमा बढ्दै गरेको शीतलहरका कारण विद्यालयहरुमा पठनपाठन गर्न असहज भएको हुँदा का०वा० नगर प्रमुखको आदेशानुसार मिति २०७९।०९।२१ र २२ गते विद्यालयहरुमा पठनपाठनको कार्य बन्द राख्न साथै मिति २०७९।०९।२४ गते आइतवार देखि नियमित निर्धारित समयमै विद्यालय सञ्चालन हुने समेत जानकारीको लागि अनुरोध छ ।

भोगेन्द्रप्रसाद यादव
शा०अ०

## मधेशको भाषाको सम्बर्द्धन र विकासका लागी समन्वयनात्मक प्रयास भईरहेको छ : मधेशी आयोगका अध्यक्ष डा.दत्त

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

मधेशी आयोगका अध्यक्ष डा.विजय कुमार दत्तले तराई मधेशको भाषाको सम्बर्द्धन र विकासका लागी समन्वयनात्मक रुपमा प्रयास भईरहेको बताएका छन् ।

बुधवार राजविराजमा संचारकर्मीहरुसँग कुरा गर्दै उनले तराई मधेशको प्रमुख भाषा मैथिलीको तिरहुतीयालीपीको विकासको काम यसै वर्ष देखी अघि बढाइने जानकारी समेत दिए ।

प्रतिनिधी सभामा हालै आयोजित सपथग्रहण समाहरोमा मधेशी भाषाका नाममा गरिएको सपथको बारेमा उत्पन्न विवाद सम्बन्धि राखिएको जिज्ञासामा उनले आफुहरुले बुझ्दा तराइ मधेशमा मैथिली, अवधी र भोजपुरी गरी तीन वटा भाषा मात्र रहेको भनी जानकारी पाएको उल्लेख गरे ।

उनले यसबारे भाषा आयोगमा समेत बुझ्दा कतै पनि मधेशी भाषा भनी सुचिकृत नगरिएको पाइएको बताए । सपथग्रहण सम्बन्धि विवादकाबारे मधेशी आयोगमा उजुरी परेको र यसबारे प्रस्ट पारी दिन संघिय



संसदको सचिवालयमा आफुहरुले पत्राचार गरेपनि अहिले सम्म जवाफ नआएको उनले जानकारी दिए ।

सचिवालयबाट जवाफ आएपछि कसरी अगाडी बढ्ने भन्ने निर्णय गरिने समेत उनले बताए । आयोगकी सदस्य अभा सेतु सिहले मधेशको भाषा, साहित्य, कला र संस्कृतीको सम्बर्द्धनका लागी आयोग श्रोत साधानले भ्याए सम्म काम गरीरहेको बताईन । उनले समस्याका बावजुद पनि आफुहरुले समन्वयका साथ काम गरिरहेको दाबी गरेकी छिन् ।

यता तराई मधेशका विभिन्न भाषाको विकास र सशक्तीकरणका लागी श्रोत साधन अभावका कारण सोचे जस्तो काम गर्न नसकिएको उनले बताए ।

"मधेशी आयोगको दफा ७ मा मधेशका भाषा, कला, साहित्य र लिपीको सम्बर्द्धनका लागी व्यवस्था गरिएको छ, उनले भने तर मानवीय तथा भौतिक श्रोत साधनको कमीले गर्दा चाहे जस्तो काम गर्न सकिएको छैन ।"

### जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## चिसोबाट बच्न गाउँपालिकासँग न्यानो लुगा वितरण गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

सप्तरीको महादेवा गाउँपालिकामा विपन्न, ज्येष्ठ नागरिक र एकल महिलालाई बढ्दो चिसोबाट बच्न फाइबर सिरक लगायतको सामग्री वितरण गर्न माग गरिएको छ ।

नेकपा (माओवादी केन्द्र) का तर्फबाट गापाको अध्यक्ष पदका उम्मेदवार दिपेन्द्र माझीले बुधवार एक विज्ञप्ती जारी गरी सो माग गरेका हुन ।

उनले गापाको ६ वटा वडामा सयौ विपन्न, ज्येष्ठ नागरिक र एकल महिलालाई बढ्दो जाडोबाट बच्न फाइबर सिरक लगायतको सामग्री वितरण गर्न गाउँपालिकासँग माग गरेका छन ।

उनले केही दिनयता बढेको चिसो, शीतलहर र जाडोलाई मध्यनजर गरी फाइबर सिरक वितरण गर्न गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डल लगायतका पधाधिकारीलाई विज्ञप्ती मार्फत आग्रह गरेका छन ।

ती वर्गका जनताहरुको मनोबल उच्च राख्न न्यानो कपडा तथा सिरक लगायतका सामग्री वितरण गर्न जोडदार माग गरिएको विज्ञप्तीमा उल्लेख छ ।

## सम्मानजनक शक्ति बाँडफाँट भए सरकारमा सहभागी हुने जसपाको निर्णय

काठमाडौँ, २० पुस (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले सम्मानजनक शक्ति बाँडफाँट भए सरकारमा सहभागी हुने निर्णय गरेको छ ।

जसपाको मंगलबार सम्पन्न राजनीतिक समितिको बैठकले सम्मानजनक प्रतिनिधित्व भए सरकारमा सहभागी हुने र नभए बाहिरबाट समर्थन गर्ने निर्णय गरेको हो । जसपाका प्रवक्ता मनिस सुमनका अनुसार सरकारको नीति तथा कार्यक्रम एवं शक्ति बाँडफाँटको आधारमा सहभागी हुने अन्यथा सरकारलाई बाहिरबाट समर्थन गर्ने निर्णय भएको छ ।

बैठकले विभिन्न दल तथा सङ्गठनसँग एकता तथा गठबन्धनसम्बन्धी वार्ताका लागि पार्टीका कार्यकारिणी समिति सदस्य राजेन्द्र श्रेष्ठको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ । समितिमा रकम चेम्जोङ र गोविन्द चौधरी सदस्य रहनुभएको छ ।

त्यसैगरी बैठकले निर्वाचनमा अन्तर्घात गर्ने सङ्घीय परिषद् र केन्द्रीय सदस्यबारे छानबिन गर्न शिवलाल थापाको नेतृत्वमा पाँच सदस्यीय समिति पनि गठन गरेको छ । निर्वाचनमा पार्टीका उम्मेदवारविरुद्ध उम्मेदवारी दिनेलाई भने सम्बन्धित समितिले विधानअनुसार कारबाही गर्ने राजनीतिक समितिले निर्णय गरेको छ ।

यस्तै विधान अधिवेशनका लागि विधानको मस्यौदा बनाउन अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा ११ सदस्यीय विधान मस्यौदा समितिसमेत गठन गरेको छ । उक्त समितिमा राजेन्द्र श्रेष्ठ, रकम चेम्जोङ, सुशीला श्रेष्ठ, शिवलाल थापामगर, लालबाबु राउत, दीपेन्द्र झा, दीपक राई, पञ्चलाल महर्जन, वीरेन्द्र ठाकुर र भगवती सुवेदी रहनुभएको प्रवक्ता सुमनले जानकारी दिनुभयो ।

### आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



### तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

# बैदेशिक रोजगारी बिरुद्ध विकल्प खोज्नु जरुरी

रोजगारीका लागि विदेशिनु भनेको अहिले नेपालमा बाध्यता बनेको छ । मुलुकमा रोजगारीको अवसर सृजना हुन नसक्दा यो बाध्यतात्मक अवस्था आएको हो । अहिले नेपालबाट विदेशिनेहरुको संख्या बढ्दो छ । यो संख्या दिनानुदिन बृद्धि हुँदै गएको छ । तर, रोजगारीका लागि विदेशिनु सुरक्षित छ वा छैन भन्ने बारे विचार समेत पुऱ्याउनु उत्तिकै जरुरी छ । वैदेशिक रोजगारीका लागि जानु पूर्व सीप सिक्नु अतिआवश्यक रहेको छ । त्यस बाहेक उपयुक्त जानकारी लिनु पनि आवश्यक छ ।

वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी लिएर नजाँदा एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा धेरै भएका छन् । तर, अहिले आएर पर्याप्त सूचना र जानकारी प्राप्त गरेर वैदेशिक रोजगारीमा जाने गरेकाले ठगिने घटनामा भने कमी आउन थालेको छ । यसका साथै वैदेशिक रोजगारीमा जाँदा दक्ष कामदारका रुपमा सीप सिकेर जानु झनै उपयुक्त हुने छ ।

तसर्थ सक्दो आफ्नो मुलुकमै कुनै रोजगारी गरौं होइन भने विदेश पुगेर ठगिनु भन्दा वैदेशिक रोजगारी सम्बन्धि सम्पूर्ण जानकारी प्राप्त गरी रोजगारमा जानु उपयुक्त हुनेछ । यस्तो अवस्थाप्रति तीनै तहका निकायले गम्भिरतापूवर्क सोच्नु पर्ने हुन्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'वैदेशिक रोजगार बाध्यता कि विकल्प !'

काठमाडौँ, २०, पुस (रासस) ।

पाँच वर्ष कतार बसेर अब विदेश नजाने सोच बनाई स्वदेश फर्किएका पाल्पा मैनादीका चुण्डप्रसाद नेपाल रोजगारीका लागि फेरि भारत जान लाग्नुभएको छ । दुई छोरीका बाबु भइसकेका नेपालले गाउँमै बसेर केही व्यवसाय थाल्नु पनि भएको थियो तर त्यसबाट सफलता नमिलेपछि कामको खोजीमा भारततर्फ जान लाग्नुभएको हो । नेपालमै बसेर केही गरौँ न भनेर सुन्तला खेती, कुखुरापालन व्यवसाय सुरु गर्नुभएको थियो । व्यवसाय खासै उकास्न सकिन । उहाँ भन्नुहुन्छ, "झन् ऋण बढ्दै गयो, व्यवहार बिग्रियो । अन्त्यमा परदेश नगइ सुखै पाइन । उहाँको अङ्समा थोरै जमिन परेको छ । त्यसको आयस्ताले खान पुग्दैन ।"

आफूसँग खास कुनै सीप नहुँदा केही गर्ने आँट नआएपछि विदेश नै जानु उपयुक्त ठानेको उहाँ भन्नुहुन्छ, "साना लालाबाला छोडेर पर्देशिने मन त कसलाई हुन्छ र ! छोरीहरू पढाउनु पऱ्यो । घर चलाउनु पऱ्यो । महँगी धेरै छ ।" त्यस्तै व्यथा छ गुल्मी भङ्कुवाकी शान्ता ज्ञवालीको पनि । उहाँ पनि दोहोऱ्याएर कतार जान लाग्नुभएको हो । सानोतिनो कामले घरखर्च चलाउन मुस्किल भएपछि उहाँका लागि पनि वैदेशिक रोजगार नै विकल्प बन्यो । "श्रीमान् बित्नुभयो, एउटा छोरा छ, उसको लालनपालन शिक्षा दीक्षाको जिम्मेवारी म माथि छ । आफूले पढेकी छैन, न कुनै सीप छ हातमा । बाध्य भएर विदेश नगएर के गर्नु ?" सामाजिक परिवेशले पनि आफूलाई विदेशिन बाध्य बनाएको बताउँदै उहाँ भन्नुहुन्छ, "श्रीमान् बितेपछि परिवारको पनि हेला भइँदो रहेछ । परिवारको हेला सहनुभन्दा विदेश गएर केही कमाउनु नै उत्तम विकल्प ठाने ।"

सानो छोरालाई आफन्तकोमा छाडेर विदेश जानु पर्दा निकै असजिलो अनुभव भए पनि उहाँले आफ्नो आर्थिक कारोबार व्यवस्था भने सुधार गर्न सकेकामा उहाँ खुसी हुनुहुन्छ । तर सानो छोराको साथमै रहेर बस्न नपाउँदा भने उहाँलाई पीडा हुने गर्दछ । उहाँ भन्नुहुन्छ, "पैसा मात्र सबैथोक होइन, आमासँग खेल्दै हुर्कने समयमा छोडेर हिँड्नु पऱ्यो । नेपालमा नै राम्रो सीप र दक्षता अनुसारको रोजगारीको व्यवस्था र हरेक कामको सम्मान भइदिएको भए बुबा गुमाएको कलिलो बच्चा छोडेर म विदेशिनुपर्ने थिएन ।"

सैनामैना-९ का हिमाल भट्टराईको पनि पीडा उस्तै छ । नेपालमा रोजगारी कम छ । कामको सम्मान छैन । उब्जाएको खेतीको राम्रो बजार व्यवस्थापन छैन । परिवारको खुसीको लागि, परिवारका रहर पूरा गर्न र आफ्ना सपना पूरा गर्न परदेशिएको बताउनुहुन्छ उहाँ । उहाँकै शब्दमा विदेशको काम सजिलो पक्कै पनि छैन । सम्पूर्ण आफ्नो परिवार त्यागेर जानु पर्दा दुःख बिमारमा पर्दा हेरविचार गर्ने कोही हुँदैन । काम नगरे खान पुग्दैन । आमा बित्दासमेत समयमै घर फर्किन नपाउनु भएका उहाँ भन्नुहुन्छ, "वैदेशिक रोजगारी मेरो लागि रहर नभएर बाध्यता हो । नेपालमा नै रोजगारीको राम्रो व्यवस्था भए पक्कै पनि परिवार र साना बालबच्चा छोडेर विदेश जाँदैनथिएँ होला ।"

चुण्डप्रसाद, शान्ता र हिमालको जस्तो बाध्यताले मात्र नभइ पछिल्लो समय विदेशमा गएपछि राम्रै कमाइ हुन्छ भन्ने भ्रमले पनि धेरै युवा वैदेशिक रोजगारतर्फ आकर्षित भएका छन् । स्वदेशमै केही गर्नुपर्छ भन्ने सोचाइँको न्यूनता, बाह्र कक्षा पढेपछि विदेश जानुपर्छ भन्ने प्रवृत्तिको विकास, देशभित्रै रोजगारीको न्यून अवसर, बढ्दो महत्वाकांक्षा आदिले गर्दा पनि पछिल्लो समय युवा जगतमा विदेशिने क्रम बढेको छ । पछिल्लो समय कतिपय युवाले विदेशबाट सिकेर आएको सीपको उपयोग गर्दै नेपालमा नै उद्यम गरेर राम्रो कमाइ गरेका पनि छन् । तर त्यस्ता युवालाई प्रोत्साहन गर्ने, पुरस्कृत गर्ने, व्यवसायका लागि आवश्यक सामग्री समयमा नै उपलब्ध गराउनेजस्ता कार्य अझै पनि देशव्यापी हुन नसक्दा केही वर्षमै कतिपयले व्यवसाय छाडेर पुनः विदेशमा जानेहरूको सङ्ख्या पनि उत्तिकै रहेको छ । त्यस्ता युवा भन्छन्, "के गर्ने हामीलाई राज्यले वास्ता नै गरेन । हामीले उत्पादन गरेका सामग्रीको बजार प्रर्वद्धनजस्ता काममा पनि सहयोग नभएपछि बा सप्ै ध्य भएर विदेशिन पऱ्यो ।"

वैदेशिक रोजगारमा गएका लाखौँ युवाले विदेशमा कमाएको पैसाले आफ्नो घर व्यवहार मात्र चलाएका छैनन्, राज्यलाई नै ठूलो आर्थिक भरथेग गरेका छन् । विसं २०७८ मा गरिएको जनगणनाको प्रारम्भिक नतिजाअनुरुप २१ लाख ७० हजार युवा विभिन्न देशमा रोजगारीका लागि गएका छन् । आर्थिक सर्वेक्षण २०७८ का अनुसार नेपालको कूल गार्हस्थ उत्पादन(जिडिपी) जम्मा ४८ खर्ब ५१ अर्ब ६२ करोड छ । सो आर्थिक वर्षमा विप्रेषणले १५ प्रतिशतभन्दा बढी जिडिपीमा योगदान गरेको तथ्याङ्क छ । नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदन अनुसार विप्रेषण आप्रवाह २०.४ प्रतिशतले वृद्धि भई रु तीन खर्ब ७८ अर्ब चार करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.८ प्रतिशतले वृद्धि भई दुई अर्ब ९३ करोड पुगेको छ । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या १०२.५ प्रतिशतले वृद्धि भई एक लाख ९५ हजार एक सय ९६ पुगेको छ ।

वैदेशिक रोजगारबाट गरिबी न्यूनीकरण, नेपालीको क्रयशक्ति वृद्धि गरे पनि दीर्घकालीन फाइदा पुऱ्याउने विकासका क्रियाकलाप सञ्चालन गर्न र ठूला परियोजना निर्माण गरी थप रोजगारी सिर्जना गर्न सकिएको छैन । सरकारले व्यक्तिगत रूपमा उक सय ७८ र संस्थागत रूपमा एक सय ११ देश वैदेशिक रोजगारीका लागि खूला गरेकोमा हाल अफगानिस्तान, इराक र लिवियामा रोक लगाइएको छ ।

विप्रेषण आप्रवाह सँगसँगै पारिवारिक विखण्डन, सामाजिक एक्लोपन, विप्रेषणको अनुत्पादक क्षेत्रमा प्रयोग, गलत र विदेशी संस्कृतिको प्रयोग, मुलुकमा युवा शक्तिको अभाव, विप्रेषण आयका कारण आयात वृद्धि भई व्यापार घाटा बढ्दै जानेलगायतका समस्या पनि नदेखिएका होइनन् । जे भए पनि नेपालले बर्षेनि श्रम बजारमा उत्पादन भएका पाँच लाख जनशक्ति खपत गर्ने रोजगारीका क्षेत्र सिर्जना गर्न तत्काल सम्भव पनि देखिदैन । ती जनशक्ति खपत गर्न पुग्ने रोजगारीका आन्तरिक अवसर स्वदेशमा नै व्यवस्थापन गर्न नसक्दा नेपाली युवाको बाध्यता बनेको हो वैदेशिक रोजगार ।

वैदेशिक रोजगारीलाई सधैँभरि यसरी नै नेपालीको बाध्यता बनाइरहने वा विकल्पको रूपमा स्थापित गर्ने भन्ने बारेमा योजना आयोगका निवर्तमान सदस्य डा रामकुमार फुँयालका अनुसार सरकारको दीर्घकालीन रोडम्याप होइन । उहाँ भन्नुहुन्छ, "वैदेशिक रोजगारी अल्पकालीन सम्बोधन हो, आन्तरिक रोजगारी नै सिर्जना गर्ने र अधिकतम जनशक्ति आन्तरिक रोजगारीमा नै खपत गरी उक्त जनशक्तिबाट मुलुकमा नै सेवा र उद्यमशीलता वृद्धि गरी मुलुककै विकासमा संलग्न गराउने नै सरकारको दीर्घकालीन योजना हो ।"

डा फुँयाल हाम्रो मानव पूँजीलाई थप सीपयुक्त र क्षमतावान बनाउने हो भने बाहिरबाट श्रमका लागि आउने जनशक्ति विस्थापन गर्न सकिने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हाम्रो जनशक्तिलाई प्रतिस्पर्धात्मक, आकर्षक, मर्यादित तथा सम्मानित रोजगारीका लागि अन्य देशमा पठाउन सकिन्छ, यसले मुलुकको आर्थिक रणनीति र दुई देशबीचको आर्थिक कूटनीति थप मजबुत पुग्छ । यसबाट नेपालीहरू "ट्रीपल डी' अर्थात् 'डर्टी, डिफिकल्ट र डेन्जर' काममा जानुपर्ने बाध्यताको पनि अन्त्य हुन्छ ।"

विप्रेषण पठाउने २१ लाख ७० हजार वैदेशिक रोजगारीमा जाने युवामध्ये ७५ प्रतिशत अदक्ष छन् । यसरी अदक्ष जनशक्ति विदेशिदा नेपालको प्रतिस्पर्धात्मक क्षमता कमजोर भएको छ । त्यस्तो जनशक्ति हातमा कुनै सीप नलिई जाने भएकोले उनीहरूले नराम्रो, कठिन र जोखिमपूर्ण काम गर्न बाध्य भएका हुन्छन् । नेपालको संविधानले वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गरेको छ ।

त्यसरी दुःख गरी कमाएको धनको पनि सही सदुपयोग हुन नसकेको छैन भने वैदेशिक रोजगारीबाट फर्किएकाको सीपको उचित प्रयोग भएको पाइँदैन । श्रम आप्रवासनबाट मौद्रिक विप्रेषण मात्र नभइ सामाजिक पुँजीको रूपमा सीप, प्रविधि र अनुभवलाई पनि आर्थिक सामाजिक विकासको रूपमा उपयोग गर्ने गरी वैदेशिक रोजगार नीति र राष्ट्रिय रोजगार नीति कार्यान्वयनमा आएका छन् ।

आर्थिक सर्वेक्षणका अनुसार नेपालमा हाल १८ प्रतिशत निरपेक्ष गरिब छन् । यस्तो गरिबी १८ प्रतिशतमा झार्नमा वैदेशिक रोजगारको प्रमुख भूमिका छ । वैदेशिक रोजगारीबाट विप्रेषण आयमा बढोत्तरी, विदेशी मुद्रा सञ्चिति वृद्धि, शोधनान्तर स्थितिमा सहयोग, नेपाली नागरिकको क्रयशक्ति वृद्धि, अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तार, सीप विकासलगायत विविध कुरामा सकारात्मक परिवर्तन आएका छन् ।

साना ठूला गरी एक सय २५ देशमा नेपाली वैदेशिक रोजगारीका लागि गएको पाइन्छ ।

*बाँकी अन्तिम पृष्ठमा*


नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**

मिति :- २०७९/९/२०

**३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना**

**भुली देवी चौधरी** दर्ता रहेको साविक ......... मौजा रै.नं.......... हाल तपसिल बमोजिम नापी भएको जग्गा **मेरो नाममा नामसारी** गरी प्रमाण पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **खोजपुर** वार्ड नं. ६ हाल **खडक न.पा. वडा नं. ५** बस्ने **श्री तारणी प्रसाद चौधरी**को द.न. **८६४२** मिति **२०७८/०१/१५** मा निवेदन परी **३५** दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति **२०७९/१/१५** मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नामसारी** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| कल्याणपुर | ६ क | २०१ | ०-२-११/२ | | |

# इन्धन अभाव र चर्को मूल्यवृद्धिले नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा बितेको सन् २०२२

**रमेश लम्साल**

काठमाडौँ, २० पुस (रासस)।

लगातार उकालो लागेको पेट्रोलियम पदार्थको मूल्य, कोरोना महामारीले विश्व आपूर्ति शृङ्खलामा जटिलता थपेका बेला नयाँ वर्षको पहिलो महिना सकिनासाथ सुरु भएको युक्रेन युद्धबाट युरोपमा मात्र नभई विश्वव्यवस्था नै अनिश्चयतर्फ धकेलिएका बेला विगतका विषम ऊर्जा सङ्कटलाई सम्झँदै त्यसबाट पार पाउन सन् २०२२ मा नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा अध्ययन अनुसन्धानका प्रयासहरू भएका छन्।

दक्षिण एशियाली क्षेत्र अथाह जलस्रोतको भण्डार भएकाले स्वच्छ ऊर्जा उत्पादन र विकासमा यस भेगका राष्ट्रले केही उल्लेखनीय काम गरेका छन्। अन्तर्राष्ट्रिय बजारमा कोइलाको अभाव भएपछि चीन र भारतलगायत देश पनि ऊर्जा सङ्कटको चपेटामा पऱ्यो। दुई करोड २० लाख जनसङ्ख्या भएको श्रीलङ्का सात दशकयताकै सबैभन्दा खराब ऊर्जा सङ्कटसँग झैल्दे टाटपल्टियो।

वर्षैभरि भारतमा बिजुलीको उच्च माग रह्यो। भारतले देशको उत्तरी भागमा तीव्र गर्मीको लहर चलेकाका बेला बिजुलीको माग बढेको, अर्थतन्त्र विस्तार भएको र लाखौं घर विद्युतीकरणमा परेपछि ऊर्जामन्त्री आरके सिंहले नवीकरणीय ऊर्जाको विकासमा सन् २०२२ मा जोड दिएकाले त्यो सम्भव भएको सार्वजनिकरूपमा बताउनुभयो। देशमा नवीकरणीय ऊजाको कूल क्षमता ३० गिगावाट पुगेकोतर्फ लक्ष्य गर्दै उहाँले त्यसो भन्नुभएको हो।

मोदी सरकारले आठ वर्षको अवधिमा उत्पादन क्षमतामा ठूलो वृद्धि, देशलाई एउटै प्रसारण ग्रिडमा समाहित गर्ने र वितरण प्रणालीको सुदृढीकरणले २३ देखि २३ दशमलव पाँच घन्टा विद्युत् आपूर्ति सुनिश्चित भएको दाबी गऱ्यो।

केन्द्रीय राजधानी नयाँदिल्लीमा गत अक्टोबरदेखि विद्युत् अनुदान माग गर्नेलाई मात्रै उपलब्ध गराउने गरी सरकारले नयाँ नीति लागू गऱ्यो। 'अनुदान उपलब्ध गराउनु पर्दैन, म बिजुलीको बिल तिर्न सक्छु' भन्ने नागरिकलाई सरकारले अनुदान नदिने नीति अख्तियार गऱ्यो। राष्ट्रिय राजधानीका उपभोक्ताले २०० युनिटसम्म बिजुलीको 'शून्य' र प्रतिमहिना २०१ देखि ४०० युनिट विद्युत् खपत गर्दा ८०० भारु बराबरको छुट पाउने गरेका थिए।

नयाँदिल्लीमा दुई महिनाभन्दा बढी समय बिजुली कटौती भयो। इण्डियन प्रिमियर लिग (आइपीएल) भइरहेका बेला उद्योगको बिजुली काटेर घरघरमा आपूर्ति गरियो तर ३२२ जिल्लाका २१ हजारभन्दा बढी नागरिकमाझ गरिएको सर्वेक्षणमा हरेक तीनमध्ये दुई घरले विद्युत् कटौतीको सामना गरेका देखायो। विश्वको तेस्रो ठूलो कोइला भण्डार भएको देशमा कोइला अभावले उत्पन्न ऊर्जा समस्या समाधान गर्न भारत सरकारले नवीकरणीय ऊर्जातर्फ गम्भीर भएर लाग्ने योजना अघि बढायो।

संसारभर नै कोइलाका आधारित ऊर्जा उत्पादन प्लान्टहरु संकटमा परेपछि विभिन्न विकल्पको खोजी शुरु भयो। इण्डोनेसिया र अष्ट्रेलियाका आपूर्तिकर्तालाई भ्याइनभ्याइ भयो- मागअनुसार आपूर्ति गर्न यस्तो अवस्थामा वैकल्पिक र नवीकरणीय ऊर्जाको विकास प्रक्रियाले गति लिएको भए पनि त्यसले मागअनुसार अविच्छिन्न आपूर्ति गर्न सक्ने अवस्था छैन। सौर्य ऊर्जा केन्द्रहरूले दिउँसो मात्रै बिजुली दिने भएकाले रातको आवश्यकता पूर्ति हुन सकेको छैन। वायु ऊर्जा पनि हरपल उत्पादन हुने सुनिश्चिता छैन तर स्वच्छ ऊर्जा उत्पादन सरकारी प्राथमिकतामा रह्यो।

तयारी पोशाकलगायत वस्तुको निर्यातका कारण आर्थिक उन्नयनका दिशामा लागेको दक्षिण एशियाको 'राइजिङ टाइगर' बङ्गगलादेशमा पनि ऊर्जाको चरम सङ्कट व्यवस्थापन गर्न बेलुका ८ बजेपछि बजार बन्द गर्नुपर्ने कडा र बाध्यकारी नियम सार्वजनिक भयो। यो नियम देशैभरी लागू भयो। पेट्रोलियम पदार्थको मूल्य वृद्धि विश्वव्यापी समस्या बनेकाले मितव्ययी बन्दा व्यापार घाटा पनि केही कम भयो।

बाढीपहिरोबाट पीडित पाकिस्तानमा आर्थिक सङ्कटसँगै पानीको ठूलो समस्या हुँदा कृषि क्षेत्रका साथै निर्यातजन्य उद्योग नराम्ररी प्रभावित भएभने ऊर्जा प्रणालीसमेतमा समस्या भयो। देशको कुल गार्हस्थ्य उत्पादनमा २३ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा अन्योल छायो। बाँधमा पानीको सतह शून्यतर्फ झरेकाले राष्ट्रिय सुरक्षा जोखिममा परेका समाचार सार्वजनिक भए। जलस्रोतको संरक्षणका लागि साना बाँध बनाएर पानीको अभाव सम्बोधन गर्न ध्यान नदिँदा राष्ट्रियस्तरमा खानेपानी व्यवस्थापन चुनौतीपूर्ण बन्यो। सन् १९९१ यताकै सबैभन्दा धेरै पानी कटौतीको भएको वर्ष बन्यो सन् २०२२।

दक्षिण एसियाका धेरै देश अहिले ऊर्जा उत्पादनका लागि ग्यासमा अत्यधिकरुपमा निर्भर छन्। ऊर्जा उत्पादनमा बङ्गलादेशमा ६० प्रतिशतभन्दा बढी र पाकिस्तानमा झण्डै आधाभन्दा बढी अंश ग्यासले ओगटेको छ। यस्तो अवस्थामा भारत र बङ्गलादेशमा योजनाबद्धरुपमा ग्यास पूर्वाधारमा क्रमशः करिब २९.५ अर्ब अमेरिकी डलर र १६.५ अर्ब अमेरिकी डलर लगानी हुने अनुमान गरिएको छ। पाकिस्तानमा २.५ अर्ब अमेरिकी डलर लगानीको ग्यास पाइपलाइन निर्माणकार्य अर्को वर्षदेखि सुरु हुने अनुमान गरिएको छ।

एक अध्ययनअनुसार जुन गतिमा ऊर्जा उत्पादन भइरहेको छ, त्यसले हरेक वर्ष कार्बन उत्सर्जन १४ प्रतिशतले बढाइरहेको छ। त्यसले यो शताब्दीमा १.५ डिग्री सेल्सियस तापक्रम कायम गर्ने लक्ष्य भेटाउँदैन। खनिज इन्धनले विश्वको बिजुली र हरितगृह ग्यास उत्सर्जनको दुई तिहाइ हिस्सा ओगटेको छ। तर सन् २०१८ मा खनिज इन्धनबाट हुने वायु प्रदूषणले ८० लाखको ज्यान लिएको हामीले बिर्सेका छैनौं। जैविक इन्धनमा भर नपर्ने गरी बिजुली उत्पादन गर्नेतर्फ लाग्नुपर्नेमा सहमति भएकले अब आणविक वा नवीकरणीय ऊर्जा उत्पादनतिर लाग्नुको विकल्प छैन। ऊर्जाको लागि कोइला, ग्यास र तेलमाथिको निर्भरताबाट मुक्त हुन सबैभन्दा व्यावहारिक कदम आणविक र नवीकरणीय ऊर्जा उत्पादन बढाउनु हो।

जलवायु परिवर्तनले निम्त्याएको सङ्कटको बीचमा खनिज इन्धनको प्रयोग झन्झटिलो हुँदै गयो। पृथ्वी क्रमशःतात्दै गएको छ। विश्वले कार्बन उत्सर्जन घटाउने लक्ष्य हासिल गर्न सकेको छैन भने अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता पनि कार्यान्वयन नभई वर्ष २०२२ विश्वबाट बिदा भएको छ।


## !! योग्य सेवा प्रदायकहरुको सुचिकरणका लागि आशयपत्र आव्हान सम्बन्धी सुचना !!

सेभ द सप्तरी एउटा राष्ट्रिय स्तरीय मुनाफारहित गैर सरकारी संस्थाहो। यस संस्थाले स्थापनाकालदेखि नै बालबालिका तथा तिनीहरुको परिवारको लागि दीर्घकालीन सकारात्मक परिवर्तनका लागि कार्यहरु गर्दै आइरहेको छ। सेभ द सप्तरीले आफ्नो कार्य क्षेत्रमा तपसिल बमोजिमका आवश्यक विभिन्न सरसामग्रीहरु तथा सेवाका लागि योग्यता हासिल गरेका ईच्छुक सेवा प्रदायकहरुको सुचिकृत गर्नको लागि यो आशयपत्र आव्हान गरिएको छ।

**आवश्यक सामग्रीहरु तथा सेवाहरुको वर्गीकरण :**

| | | | |
|---|---|---|---|
| १ | कार्यालय मसलन्द स्टेश्नरी, खेलकुद तथा अन्य विविध सामग्रीहरु | ९. | टेन्ट तथा डेकोरेशन |
| २. | फर्निचर तथा फर्निसिंग सम्बन्धि सामग्रीहरु | १० | होटल सेवा, ट्रेनिङ्ग हल तथा लज |
| ३. | हार्डवेयर सामग्री आपुर्ति | ११. | किराना सामग्रीहरु |
| ४. | छपाई, फोटोकपी, फ्लेक्स प्रिन्ट तथा अन्य छपाई सम्बन्धि सामग्रीहरु | १२. | सवारी साधनतथा भाडा सम्बन्धि सेवा - मारुती, स्कोरपिओ, बोलेरो, बस, ट्रेक्टर, कार, जीप ...) |
| ५. | कम्प्युटर, सर्भर, प्रिन्टर, तथा अन्य आइ.टी./सुचना प्रविधि सामग्रीहरु | १३. | विज्ञापन, श्रव्य तथा दृश्य सामग्री उत्पादन तथा प्रशारण |
| ६. | विद्युतीय सेवा तथा विद्युतीय सामग्रीहरु | १४. | कुरियर सेवा |
| ७. | सवारी साधन मरमत संभार अतिरीक्त पार्टपूर्जा | १५ | ट्रेनर, प्रतिवेदक, प्रस्ताव लेखन तथा परार्मश सेवा |
| ८. | बिउ बिजन, मलखाद तथा कृषि जन्य सामग्री तथा उपकरण | १६. | औषधीय तथा स्वस्थय एवं सरसफाई सम्बन्धि सामाग्री। |

योग्यता हासिल गरेका सेवा प्रदायकहरुले आफ्नो सेवा प्रदायकहरुको सुचिकरणका लागि ताकिएको पुर्व योग्यता निर्धारण फारम भरी आशय पत्रका साथ आवश्यक कागजपत्रहरु स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रहरुको प्रतिलिपी) समेतको संलग्न गरि २ माघ २०७९ भित्र कार्यालयको समयमा सेभ द सप्तरी, राजविराज-६ (जि.स.स.को उत्तरपट्टीको गेट) मा पठाउनुहुन अनुरोध छ।

**नोट : पुर्व योग्यता निर्धारण फाराम यस कार्यालयबाट प्राप्त गर्न सक्नु हुने छ।**

सेभ द सप्तरी, राजविराज-७, सप्तरी (जि.स.स.को उत्तरपट्टीको गेटमा)
फोन नं. ०३१-५३०९४२, ९८०१५२२८२२, ९८०१५२४४९५
ईमेल : STS021@savethesaptari.org.np


## विश्व समाचार

### पेलेलाई प्रसिद्धि प्राप्त गरेकै शहरमा समाधिस्थ गरियो

सान्टोस, ब्राजिल, २० पुस (रासस/एपी)।

फुटबलका विश्वसम्राट पेलेलाई उनले प्रसिद्ध प्राप्त गरेको शहरको कब्रिस्तानमा समाधिस्थ गरिएको छ। नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले भिला बेलमिरोमा महान् खेलाडीप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभयो।

साङ्गीतिक टोलीको शोक धुनसँगै, शोक गीत र रोमन 'क्याथोलिक' भजन गाउँदै, बजाउँदै गरिएको शवयात्रामा हजारौँ सहभागी भएका थिए। सुनले बेरिएको 'कास्केट' आइपुग्नु अघि कब्रिस्तानमा उपस्थित अपार जनसागरले पेलेलाई मनपर्ने साम्बा गीत गाएर उनीप्रति सम्मान व्यक्त गरेका थिए।

पेलेको ८२ वर्षको उमेरमा गत हप्ता मृत्यु भएको हो। उनको शव सान्टोसमा राखिएको थियो जहाँ उनले १५ वर्षको उमेरमा खेल जीवन प्रारम्भ गरेर प्रसिद्धि प्राप्त गरेका थिए। पेलेको अन्तिम संस्कार वा शवयात्रामा ब्राजिलका प्रख्यात खेलाडी रोनाल्डो नाजारियो, नेयमार, काकालगायत अनुपस्थिति रहेकामा पेलेका केही प्रशंसकले उनीहरूको आलोचना गरेका छन्।

### सन् २०२३ मा युक्रेन युरोपियन युनियन र नेटोमा सहभागी हुने

किभ, २० पुस (रासस/सिन्ह्वा)।

युक्रेनका प्रधानमन्त्री डेनिस सामियलले सन् २०२३ मा युक्रेनले गर्ने कामहरुको प्राथमिकता तोक्नुभएको छ। उहाँले युक्रेनले आगमी वर्षमा गर्ने कामहरुका १० ओटा प्राथमिकता तोक्नुभएको समाचारमा जनाइएको छ।

ती प्राथमिकतामध्ये प्रधानमन्त्री सामियलले युक्रेन युरोपियन युनियनमा सहभागी हुने देखि लिएर नेटोको सदस्यता लिनेसम्म रहेको बताइएको छ।

उहाँले आगामी वर्ष युक्रेनको विजयको वर्ष हुने पनि सो प्राथमिकतमा जनाउनुभएको छ।

उहाँले भन्नुभएको छ- आगामी वर्ष युक्रेनेको विजयको वर्ष हुनेछ, हामीले जित्नेछौं सन् २०२२ को विध्वंसपछिको पुनर्निमार्णका लागि हामी लाग्नेछौं।

उहाँले रुसले गरेको आक्रमणबाट भएको क्षतिको निर्माण यसै वर्ष गरिने पनि जानकारी दिनुभएको छ।

उहाँले सबैभन्दा पहिलो प्राथमिकता यहाँको सुरक्षा व्यवस्थालाई मजबुद बनाउने रहेको भन्दै यसका लागि देशको सेनालाई सहयोग गर्ने पनि रहेको बताउनुभएको छ।

उहाँले उर्जा, देशको आर्थिक क्षेत्रको विकास र विस्तार तथा युद्धमा युक्रेनका तर्फबाट लडेका योद्धाहरुलाई सम्मान गर्ने काम पनि यसै वर्षको प्राथमिकतामा रहेको बताउनुभएको छ।

उहाँले सार्वजनिक प्रशासनमा सुधार, शिक्षाको विकास र विस्तार देशका उर्जाको विकास र विस्तार लगायतका कार्यक्रमहरु यस वर्षमा गरिने कार्यक्रम पनि रहेको उहाँले बताउनुभएको हो।

युक्रेनमा गत फेब्रुअरी महिनादेखि रुसले निरन्तर रुपमा हमला गरिरहेको छ। हतियारका माध्यमबाटै गरेको आक्रमणले युक्रेनको राजधानी किभ लगायतका कैयौँ सहरका संरचनामा क्षति पुगेको छ।

### सात हजार बन्दीलाई आममाफीको घोषणा

नेपिट, म्यानमार, २० पुस (रासस/एएफपी)।

म्यान्माको सैनिक सरकारले बुधबार स्वतन्त्रता दिवस मनाउन सात हजार १२ जना बन्दीलाई आममाफी दिने घोषणा गरेको छ। प्रजातान्त्रीक नेत्री आङ सान सुचीको जेल सजायलाई ३३ वर्षमा पुऱ्याएको केही दिनपछि यस्तो घोषणा भएको हो।

सेनाले सत्ता कब्जा गरेको करिब दुई वर्षपछि दक्षिणपूर्वी एसियाली यो देशमा सरकारी सेना र विद्रोहीबीच द्वन्द्व जारी छ। बन्द अदालतबाट चलेको न्याय निरुपणको शृङ्खलासँगै सैनिक सरकारले यो वर्षको अन्त्यमा नयाँ चुनावको तयारी गरिरहेको छ।

बेलायतबाट स्वतन्त्र भएको ७५ वर्ष पुगेको अवसरमा बुधबार 'ट्याङ्क, मिसाइल लन्चर र सशस्त्र वाहन राजधानी नेपिटको 'परेड ग्राउन्ड' प्रदर्शन गरिएको थियो। परेडमा निजामती कर्मचारी र माध्यमिक विद्यालयका विद्यार्थीले सेनालाई साथ दिएका थिए।

# सरकारमा सहभागिताबारे निर्णय लिन हतार छैन : अध्यक्ष नेपाल

काठमाडौं, २० पुस (रासस) ।

पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले सरकारमा आफ्नो पार्टीको सहभागिताबारे निर्णय लिन हतार नगर्ने बताउनुभएको छ ।

पार्टीको भ्रातृ सङ्गठन युवा संघ नेपाल काठमाडौं जिल्ला कमिटीले बुधबार आयोजना गरेको कार्यक्रममा उहाँले अहिले राजनीतिक 'पिक्चर' नै 'क्लिएर' नभएकाले आफ्नो पार्टीको पोलिटब्युरो बैठकले सरकारमा जाने/नजानेबारे निर्णय नलिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "वर्तमान राजनीतिक दृश्य प्रष्ट त हुनुपर्‍यो नि ?' अहिलेसम्म हामीले यो सरकारले कस्तो नीति र कार्यक्रम लिन्छ भन्ने कुरा हेर्नै पाएका छैनौं, सबै स्पष्ट भएपछि निर्णय लिन्छौँ ।" यही पुस २६ गते सरकारले विश्वासको मत लिने भएकाले त्यसअघि सरकारमा आफ्नो पार्टीको सहभागिताबारे निर्णय लिन हतार नगर्ने र पार्टीको आधिकारिक कमिटीले निर्णय गर्ने उहाँको भनाइ थियो ।

यसैगरी उहाँले आफ्नो पार्टी सरकारमा जानका लागि मरिहत्ते गर्ने पक्षमा नरहेको पनि बताउनुभयो । अध्यक्ष नेपालले पार्टीका सांसदलाई दलको ह्विप लाग्ने भन्दै सचेतसमेत गराउनुभयो । उहाँले राष्ट्रिय मान्यता नपाएका दलले पनि पार्टीका सांसदलाई ह्विप लगाउन पाउने कानुनी र संवैधानिक व्यवस्था रहेको जिकिरसमेत गर्नुभयो ।

# सुधारको पहल नगरे अर्थतन्त्र संकटमा फस्छ : उपसभापति गुरुङ

सुरुङ्गा (झापा), २० पुस (रासस) ।

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले सुधार नलागे देश गम्भीर आर्थिक संकटमा फस्ने बताउनुभएको छ ।

झापाको कनकाई नगरपालिकास्थित तुर्सा हेमरम स्मृति प्रतिष्ठानको २६ औं स्मृति दिवसको उद्घाटन गर्नुहुँदै उहाँले नेतृत्वले अर्थतन्त्र सुधारका कार्यक्रम ल्याउन नसक्दा देश दिनानुदिन आर्थिक संकटतर्फ धकेलिएको बताउनुभयो ।

नेता गुरुङले जनता र देशका लागि काम गर्ने नेताको अभावमा मुलुकले अनेकौं समस्या झेलिरहेको बताउनुभयो । एक फरक प्रसङ्गमा उपसभापति गुरुङले सत्ता प्राप्तिको खेलले जनतामा राजनीतिप्रति वितृष्णा बढ्दै गएको तर्क गर्नुभयो ।

ठूलो शक्तिलाई पाखा लगाएर बनाइएको यो सरकार धेरै दिन नटिक्ने उहाँको टिप्पणी थियो । उहाँले मुलुकको मियो नै कांग्रेस भएको बताउँदै कांग्रेसबिनाको सरकार कल्पनासमेत गर्न नसकिने धारणा राख्नुभयो ।

# मधेस प्रदेशमा एमाले संसदीय दलको नेतामा सरोज यादव चयन

धनुषा, २० पुस (रासस) ।

मधेस प्रदेशसभाको पहिलो ठूलो दल नेकपा (एमाले) संसदीय दलको नेतामा सरोज यादव चयन हुनुभएको छ । मधेस प्रदेश पार्टी कमिटीले दलको नेतामा उहाँलाई चयन गरेको हो ।

मङ्गलबार जनकपुरमा एमाले संसदीय दलको बैठक बसेको थियो । आकाङ्क्षी बढी भएपछि दलको नेता चयन गर्ने जिम्मा प्रदेश कमिटीलाई दिइएकामा उक्त कमिटीले यादवको नाम चयन गरेको एमाले नेता सोमप्रसाद शर्माले जानकारी दिनुभयो । एमाले केन्द्रीय सदस्यसमेत रहनुभएका यादव महोत्तरी क्षेत्र नं ४ (१)बाट निर्वाचित हुनुभएको थियो ।

दलको नेताका लागि एमाले केन्द्रीय सदस्यसमेत रहनुभएका रामचन्द्र मण्डल, हरिनारायण महतो, राजकुमार लेखी, शारदादेवी थापालगायत दाबेदार हुनुहुन्थ्यो । मधेस प्रदेशको सबैभन्दा ठूलो दल एमालेका २३ सांसद छन् ।

### 'वैदेशिक रोजगार ...

नेपालले श्रम सम्झौता भने नौ देशसँगमात्र गरेको छ । सरकारले प्रमुख श्रमगन्तव्य मुलुकसँग श्रम सम्झौता गर्न नसक्दा नेपाली कामदारले विदेशमा अनेकौं समस्या झेल्दै आएका छन् । सम्झौता नभएका मुलुकमा पुगेका नेपाली कामदारले न्यूनतम पारिश्रमिक, औषधोपचार, बीमा, सुरक्षासहितका कानुनी उपचारबाट विमुख हुँदै आएका छन् । अनौपचारिक रूपमा भारत गएर श्रम गर्नेको, श्रम स्वीकृति नलिइ पर्यटक भिसामा र विद्यार्थी भिसामा जानेको यकिन तथ्याङ्क छैन । श्रम स्वीकृति लिएर पनि युरोप अमेरिका र अष्ट्रेलिया जाने एकदम नगन्य छन् । नेपालीको वैदेशिक रोजगारीको लागि जानेमध्ये मलेसिया, कतार, साउदी, अरब र युएइमा मात्रै ९० प्रतिशत रहेका छन् ।

# बुस्टर डोजका लागि माघमा १५ लाख मात्रा आउने

काठमाडौं, २० पुस (रासस) ।

कोरोना भाइरसविरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि खोप आउने भएको छ । 'भ्याक्सिन र खोपको लागि ग्लोबल एलायन्स' 'गाभी'ले १५ लाख मात्रा खोप दिने भएको हो ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा खोप शाखाका प्रमुख सागर दाहालले एक महिनापछि आगामी माघ १९ गते सो परिमाणको खोप आउने भएको जानकारी दिनुभयो । यही पुस १४ गते सरकारले बुस्टर डोज खोपका लागि औपचारिक रूपमा 'गाभी'लाई पत्र लेखेको थियो । कोरोना भाइरसको सङ्क्रमण बढिरहेको बेला सरकारले बुस्टर डोज खोप ल्याउने तयारी गरेको हो । उहाँका अनुसार अमेरिकाबाट गाभीले कोभ्याक्स सुविधामार्फत नेपाललाई खोप उपलब्ध गराउने छ । सरकारले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि बुस्टर डोज नलगाएका सबैलाई खोप लगाउन आग्रह गरेको छ । सरकारले बुस्टर डोजका लागि मात्र प्रयोग हुने फाइजर खोप ल्याउन लागेको हो । छिमेकीमूलुक भारत र चीनमा विएफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरेको छ ।

यस्तै मन्त्रालयले सङ्क्रमणबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, साबुन पानीले हात धुन वा सेनिटाइजर नियमित प्रयोग गर्न समेत आग्रह गरेको छ ।


जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योती कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*